# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४७) काठमाडौं, साउन२८गते २०५४साल (अतिरिक्ताङ्क२२ (ग+३)

## भाग ३

श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४२, संख्या ३३, मिति २०४९।८।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना १ को अनुसूची – १ को क्रमसंख्या १ को खण्ड (अ) को उप-खण्ड (घ) बमोजिम मूल्यवान धातुमा लगाइएको प्रतिवन्ध श्री ५ को सरकारले भूटान सरकारको प्रयोजनको लागि मन्दिर तथा स्तूप पेन्टिङ्ग गर्न १२०० (बाह्रसय) ग्रामको सुनको धुलो (Gold Granules) एक पटक खरिद गरी भूटान लैजान स्वीकृति दिने निर्णय गरेको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
मोहनदेव पन्त
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । 202

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| क.<br>A. | मोटर साइकल, स्कुटर, मोपेड<br>Motorcycle Scooter, Moped | च.<br>F. | मिनिबस, मिनिट्रक<br>Minibus, Minitruck |
| ख.<br>B. | कार, जिप, डेलिभरी भ्यान<br>Car, Jeep, Delivery Van | छ.<br>G. | ट्रक, बस, लहरी<br>Truck, Bus, Lorry |
| ग.<br>C. | टेम्पो, अटोरिक्सा<br>Tempo, Autoricksha | ज.<br>H. | रोडरोलर, डोजर<br>Road Roller, Dozer |
| घ.<br>D. | पावर टिलर<br>Powertillar | झ.<br>I. | क्रेन, दमकल, लोडर<br>Crane, Firebrigade, Loader |
| ङ.<br>E. | ट्र्याक्टर<br>Tractor | ञ.<br>J. | अन्य<br>Other |

जारी गर्ने अधिकारी
Issued by

सवारी चालकको दस्तखत
Licence holder's signature

| | | | | |
|---|---|---|---|---|
| | | | | |

कारवाई Offences

## सूचना २

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही उप-दफाको खण्ड (ख) को प्रयोजनको लागि श्री ५ को सरकारले मिति २०५४।५।२० को निर्णय अनुसार सवारीको लम्बाईको हकमा सवारी निर्माता कम्पनीको स्पेसिफीकेशनमा उल्लेख गरिएको लम्बाईलाई नै (रियर ओभर ह्याग समेत) सवारीको लम्बाईको मापदण्ड निर्धारण गरेको छ ।

खण्ड ४५, संख्या २३, मिति २०५२।६।२ को नेपाल राजपत्र भाग ३ मा यस मन्त्रालयबाट प्रकाशित सूचना खारेज गरिएको छ ।

आज्ञाले,
हिरण्यलाल रेग्मी
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
2060

## महालेखा परीक्षकको विभागको सूचना

लेखापरीक्षण सेवामा रिक्त रहेको राजपत्राङ्कित विशिष्ट श्रेणीको उप-महालेखा परीक्षक पदमा महालेखा परीक्षकको विभागका कर्मचारीहरू सम्बन्धी नियमावली, २०५० को नियम ३० को उप-नियम (२) ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकले नायव महालेखा परीक्षक श्री बासुदेव लामिछानेलाई मिति २०५४।४।३१ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कृष्णप्रसाद न्यौपाने
नायव-महालेखा परीक्षक



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२०८